नेपाली राजदूतावास, मस्को
Embassy of Nepal
Moscow

# जरूरी सूचना!

रूसी महासंघस्थित विभिन्न विश्वविद्यालयमा उच्च शिक्षा हासिल गर्न आउने नेपाली विद्यार्थीहरूको संख्या पछिल्लो केहि महिना देखि बढिरहेको जानकारी विभिन्न माध्यमबाट यस राजदूतावासमा प्राप्त भएको छ। नेपालका विभिन्न शैक्षिक परामर्श केन्द्रहरू मार्फत Student Visa मा रसिया आउने नेपालीहरूले "रसियामा आकर्षक रोजगारीको अवसर रहेको", "रसियाबाट सजिलै युरोप जान सकिने सम्भावना रहेको" लगायतका विभिन्न प्रलोभनमा परी मोटो रकम बुझाएर रसिया आएको तर यहाँ परामर्श केन्द्रहरूले कबुल गरे बमोजिमको अवसर नरहेको एवं भाषागत समस्याका कारण यहाँको दैनिकी समेत कष्टकर रहेकोले नेपाल फर्किन सहजीकरण गर्न अनुरोध गर्दै यस राजदूतावासमा सम्पर्क गर्ने गरेका छन्। तिनै मध्येका केही विद्यार्थी परिवारबाट सम्पर्क बिहिन भएको एवं ठूलो मानसिक तनावमा रहेको भनी खोजी गरिदिन घर परिवारबाट समेत अनुरोध भई आएको छ।

रूसी महासंघका राम्रा विश्वविद्यालयहरुमा छात्रवृत्तिमा एवं नितान्त रुपमा अध्ययनका लागि आउने विद्यार्थीहरुलाई यहाँ यथेष्ट अवसर रहेका छन्। तर, भाषिक ज्ञानको अभावमा तथा यहाँको वस्तुस्थिति नबुझि विभिन्न प्रलोभनमा परेर आउनुभएका विद्यार्थीहरु अनेकन समस्यामा पर्ने गर्नुभएको छ। अत: Student Visa मा रूसी महासंघ आउँदा नितान्त अध्ययन बाहेक अन्य कुनै प्रकारको आश्वासन-प्रलोभनमा नपर्नुहुन सम्बन्धित सबै नेपाली विद्यार्थी तथा अभिभावकहरुलाई हार्दिक अपिल गर्दछौं। प्रस्तुत विषयमा थप जानकारीका लागि यस राजदूतावासका तपशील बमोजिमका कर्मचारीहरूलाई सम्पर्क गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

**<u>तपशील:</u>**

| क्र.सं. | कर्मचारीको नाम, थर र दर्जा | कार्यालयको सम्पर्क नम्बर | मोबाइल नम्बर |
|---|---|---|---|
| १. | सुशील घिमिरे, द्वितीय सचिव | +74992419313 | +79680702815 |
| २. | राज कुमार बस्नेत, सहचारी | +74992419512 | +79684602225 |

नेपाली राजदूतावास,
मस्को।
मिति: २०७९/०५/२८

2nd Neopalimovsky Perulok, 14/7, Moscow, Tel.: +7 499 252 8215, Fax: 499 252 8000
E-mail: moscow@mofa.gov.np, Website: www.nepalembassyrus.ru